खानपान र जीवनशैली परिवर्तन गरौं, स्वस्थ रहौं
असन्तुलित खानपान तथा जीवनशैलीका कारण मधुमेह, उच्च रक्तचाप, मस्तिष्कघातजस्ता रोगहरू लाग्न सक्छन् ।
त्यसैले,
- सन्तुलित र स्वस्थ खाना खाऔं,
- शारीरिक क्रियाकलाप तथा नियमित व्यायाम गरौं,
- मदिरा, सुर्ती तथा सुर्तीजन्य पदार्थको उपभोग नगरौं,
- प्रशस्त मात्रामा पानी पिउने गरौं,
- तनाव व्यवस्थापन गरौं ।
नेपाल सरकार
विज्ञापन बोर्ड

PRATEEK DAILY
# प्रतीक दैनिक
राष्ट्रिय 'क' वर्ग
eprateekdaily.com




प्रतीक दैनिक पढ्न चाहनुहुन्छ भने लग अन गर्नुहोस् ।
eprateekdaily.com

❖ वर्ष ३८ ❖ २०८१ मङ्सिर ०२ गते आइतवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2024 November 17 Sunday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ४ ❖ अङ्क ७९

## पञ्चवर्षीय गढीमाई मेला शुरू
## बलिदान मङ्सिर २३ र २४ गते

प्रस, वीरगंज, १ मङ्सिर/

बारा जिल्लाको महागढीमाई नगरपालिकामा रहेको गढीमाई मन्दिरमा



पञ्चवर्षीय मेला शनिवारदेखि विधिवत्रूपमा शुरू भएको छ ।

एक महीनासम्म लाग्ने गढीमाई मेला प्रत्येक पाँच वर्षमा मङ्सिरको पहिलो दिनदेखि लाग्ने गर्छ । पशुबलिका लागि विश्वमा प्रसिद्धि कमाएको गढीमाई मेला भर्नका लागि नेपाल, भारत, बङ्गलादेश, भुटानलगायत अन्य देशहरूबाट भक्तजनहरूको भीड लाग्ने गर्छ ।

पञ्चवर्षीय मेलामा लाखौंलाख मानिसहरू मङ्सिर महीनाभरि गढीमाईको दर्शन गर्ने, पूजा गर्ने र भाकल अनुसार विभिन्न पशुहरूको बलि दिने गर्छन् । बाराको महागढीमाई नगरपालिका–२ बरियापुरस्थित गढीमाई मन्दिरमा यस वर्ष मङ्सिर २३ गते राँगा र भोलिपल्ट २४ गते बोकालगायत अन्य पशुपक्षीको बलिको मिति तोकिएको छ ।

आजदेखि विधिवत्रूपमामा पञ्चवर्षीय गढीमाई मेला शुरू भएको गढीमाई मेला व्यवस्थापन समितिका महासचिव वीरेन्द्र प्रसादले बताए । मेला शुरू भएसँगै बिहानैदेखि गढीमाई मन्दिरमा पूजापाठ र दर्शन गर्न आउने भक्तजनहरूको भीड लागेको छ । यसै पनि यस वर्ष पञ्चवर्षीय मेला शुरू हुने भएकोले दशैंदेखि नै विभिन्न स्थानहरूबाट भक्तजनहरू आउने क्रम बढेको थियो ।

मेलालाई व्यवस्थित गर्नका लागि समितिले घुम्ती शौचालय, अस्थायी शौचालय, स्वास्थ्य उपचार शिविर, एम्बुलेन्स र वारुण यन्त्रको व्यवस्थापन गर्नुका साथै पिउने पानी र बासको पनि व्यवस्थापन गरेको छ । बरियारपुरमा धर्मशाला निर्माण गरिनुका साथै घरघरमा बासको लागि व्यवस्था मिलाइएको महासचिव वीरेन्द्र प्रसादले बताए ।

## नारायणी स्पोर्ट्स क्लबको भवन उद्घाटन

प्रस, वीरगंज, १ मङ्सिर/

वीरगंज महानगरपालिका–५ मा रहेको नारायणी स्पोर्ट्स क्लबको नवनिर्मित भवनको शनिवार मधेस प्रदेशका पूर्वमुख्यमन्त्री लालबाबू राउत गद्दीले उद्घाटन गरेका छन् ।

क्लबको भवन जीर्ण भएपछि उनको कार्यकालमा रु ८१ लाखको लागतमा नयाँ भवन निर्माण शुरू भएको र आज सो भवनको उद्घाटन गर्दै उनले विकास निर्माण कार्यमा राजनीतीकरण गर्न नहुने बताए। उनले पुरानो क्लबलाई जीवन्त राख्ने आफ्नो प्रयास रहेको बताए ।

२०२८ सालमा सोही वडाका रविविक्रम शाहले क्लबको भवन निर्माणका लागि पाँच धुर जग्गा दान दिएका थिए। पुरानो भवन जीर्ण भएपछि पूर्वमुख्यमन्त्री गद्दीले क्लबको भवन निर्माणका लागि बजेट विनियोजन गरी निर्माण कार्य शुरू गराएका थिए ।




जग्गादाता शाहको गत कात्तिक २१ गते निधन भएको थियो। उनकी पत्नी ज्योति शाहको अध्यक्षतामा भएको कार्यक्रममा समाजसेवी, ज्येष्ठ नागरिक, पूर्वखेलाडीलगायत टोलका विशिष्ट व्यक्तिहरूलाई सम्मानित गरिएको थियो।

कार्यक्रममा पूर्वनगरप्रमुख प्रदीप सुवेदी, पूर्ववडाध्यक्ष प्रदीप सिंह ठकुरी, बाबुजान अलि, जुगलकिशोर श्रीवास्तव, सुशील ठकुरी, ललन सिंह, श्रवण रायमाझी, लालबाबू शेखलगायतको सहभागिता थियो । कार्यक्रमको सहजीकरण कुमार रूपाखेतीले गरेका थिए ।

## जीराभवानीमा जङ्गली हात्तीको आतङ्क

प्रस, पोखरिया, १ मङ्सिर/

पर्साको राष्ट्रिय जङ्गलबाट डेढ दर्जनको सङ्ख्यामा आएको हात्तीको बथानले जीराभवानी गाउँपालिका–२ वसन्तपुरका प्रेमनारायण पटवारीको घर भत्काउनुका साथै धानबालीमा क्षति पुऱ्याएको छ ।

शुक्रवार साँझ करीब साढे ७ बजे हात्तीको बथान आएर स्थानीय पटवारीसहित रमेश खाँ, शिवशङ्कर साहको १० कट्ठामा पाकेको धानबाली खाएको र केही धानबालीहरू माडेर क्षति पुऱ्याएको थियो। हात्तीको बथानले खेतमा जडान दमकल र ट्युबवेलमा समेत क्षति पुऱ्याएको स्थानीयले बताए ।

खेतमा रहेको पीपलबोटमा मचान बनाइ बाली जोगाउन बस्दै आएका प्रेमनारायण पटवारीका अनुसार हात्तीको बथान खेतमा पसेपछि हात्ती धपाउन गाउँमा फोन गरी सहयोगका निम्ति खबर गरेको बताए ।

उनले हात्ती धपाउन स्थानीयहरू दुईवटा ट्याक्टर लिएर आएकामा ट्याक्टरको ठूलो स्वर तथा टिन बजेको आवाजले हात्तीको बथान पुनः जङ्गल पसेको बताए । उनले हात्तीको बथानले करीब साढे दुई घण्टा उपद्रो मच्चाएर राति १० बजे स्थानीयले लखेटेपछि जङ्गल प्रवेश गरेको जनाइएको छ ।

राति १० बजे जङ्गल पसेको हात्तीको बथान दुई घण्टापछि फेरि आएर धानबालीमा क्षति पुऱ्याएको पटवारीले बताए । हिजो हात्तीको बथानले राति काठमाडौं र शान्तिनगरका किसानहरूले लगाएको तोरीबालीमा समेत क्षति पुऱ्याएको किसानहरूले बताएका छन् ।

## स्वास्थ्य स्वयंसेविकाको भूमिका प्रभावकारी –मन्त्री क्षत्री

प्रस, वीरगंज, १ मङ्सिर/

मधेस प्रदेशका भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्री जनार्दनसिंह क्षत्रीले अहिले पनि देशका हिमाली तथा पहाडी क्षेत्रमा स्वास्थ्य सेवा पुग्न नसकेको र ती स्थानमा स्वास्थ्य स्वयंसेविकाले प्रभावकारी भूमिका खेल्दै आएको बताएका छन् ।

नेपाल स्वास्थ्यकर्मी सङ्घले वीरगंजमा आयोजना गरेको एक दिने नेतृत्व विकास तालीमको शनिवार उद्घाटन गर्दै मन्त्री क्षत्रीले पेशागत स्वास्थ्यकर्मीको समस्यासँगै राष्ट्रियस्तरमा स्वास्थ्य क्षेत्रमा जनतालाई कसरी प्रभावकारी सेवा प्रदान गर्न सकिन्छ भन्ने हाम्रो मुख्य उद्देश्य रहेको बताए । उनले दक्ष स्वास्थ्य जनशक्ति पुग्न नसकेका स्थानहरूमा स्वास्थ्य स्वयंसेविकाहरूको भूमिका प्रशंसनीय रहेको बताए ।

उनले आफू तत्कालीन जिविस सभापति छँदा पर्साका सबै गाविसका वडाहरूमा स्वास्थ्य स्वयंसेविकाहरूलाई प्रोत्साहित गरेको स्मरण गरे । उनले स्वास्थ्य क्षेत्रमा खट्दै आएका स्वयंसेविकाहरूले अहिले पनि उचित पारिश्रमिक नपाएको भन्दै सरकारले उनीहरूको पारिश्रमिकतर्फ विचार पुऱ्याउनुपर्ने बताए। उनले मधेस प्रदेशका स्वयंसेविकाहरूलाई समितिमार्फत आफ्ना समस्याहरू प्रदेश सरकारसमक्ष राख्न सुझाए ।

स्वास्थ्यकर्मी सङ्घका अध्यक्ष रामजी घिमिरेले सामाजिक सुरक्षा जस्ता कार्यक्रमहरू नेपाली काङ्ग्रेसको पालामा आएको भएपनि सो कुरालाई जनता समक्ष पुऱ्याउने कुरामा चुकेको बताए । उनले नेकाको पालामा धेरै राम्रा कार्यहरू




भएको दाबी गर्दै ती कुराहरूलाई जनतासमक्ष पुऱ्याउन नसक्दा अगाडि बढ्न नसकेको बताए ।

नेका पर्साका कावा अध्यक्ष रामनारायण कुर्मीले सामुदायिक अस्पतालहरूमा जनशक्तिको अभावले सेवा प्रभावित हुँदै आएको बताए। उनले पनि स्वास्थ्यसम्बन्धी विभिन्न सेवाहरू स्वास्थ्य स्वयंसेविकामार्फत सरकारले प्रभाव गराउँदै आएको तर उनीहरूको उचित पारिश्रमिक पाउने अधिकारतर्फ विचार नपुऱ्याएको गुनासो व्यक्त गरे ।

कार्यक्रम स्वास्थ्य स्वयंसेविकासहित निजी तथा सरकारी स्वास्थ्य संस्थामा कार्यरत स्वास्थ्यकर्मीहरूको क्षमता बढाउने तथा गुणस्तरीय स्वास्थ्य सेवा प्रवाहमा सहयोगी भूमिका खेल्ने उद्देश्यले नेतृत्व विकास तालीम आयोजना गरिएको हो। तालीममा सहभागीहरूलाई ऋषिराम पाण्डेले प्रशिक्षण दिएका थिए ।

कार्यक्रममा वीरगंज महानगरका उपप्रमुख इम्तियाज आलम, स्वास्थ्यकर्मी सङ्घका पूर्वअध्यक्ष राजेन्द्र सिंह, पूर्वसचिव योगेन्द्र पञ्जियारलगायतको सहभागिता थियो । कार्यक्रमको सहजीकरण केन्द्रीय सदस्य तथा महिला संयोजक शोभा उप्रेती खरेलले गरेकी थिइन् ।

## ३५ वर्षमा नेपाल दरिद्र देश बन्यो –उपेन्द्र यादव

प्रस, सिम्रौनगढ, १ मङ्सिर/

जनता समाजवादी पार्टी नेपालको आयोजनामा शुक्रवार सिम्रौनगढ–२ अमृतगंजस्थित रामजानकी मन्दिरमा जनतासँग जसपा नेपाल अभियानको अभिमुखीकरण कार्यक्रम सम्पन्न भएको छ ।




कार्यक्रममा जसपा नेपालका अध्यक्ष उपेन्द्र यादवले अहिले नेपाल दरिद्र देशमध्ये एक भएको बताए । उनले दरिद्रता यस अघि नभएको तर अहिले दरिद्रता देखिएको दाबी गरे। उनले देशमा भएका सयौं कलकारखाना नेपाली काङ्ग्रेस र कम्युनिस्ट पार्टीको सरकारले निजीकरणको नाममा बिक्री गरेर लाखौंलाख नेपाली मजदूरलाई बेरोजगार बनाएको आरोप लगाए ।

साढे तीन दशकयता देशका कलकारखाना बिक्री भएका र अहिले देशमा चरम बेरोजगारी बढेको बताए। उनले रोजगारका लागि दैनिक दुई हजारको हाराहारीमा नेपाली युवा विदेशिने गरेकामा चिन्ता व्यक्त गरे । उनले सरकारी तथ्याङ्क अनुसार पनि अहिलेसम्म ७० लाख नेपाली युवा विदेशमा छन्। ३५ वर्ष अघि यो सङ्ख्या १० लाखमा सीमित थियो ।

उनले देशको शिक्षा ध्वस्त भएको, उद्योग ध्वस्त भएको, कृषि ध्वस्त भएको अवस्थामा रोजगारका लागि विदेशिनुको विकल्प नरहेको बताए । उनले देशमा चरम भ्रष्टाचार मौलाएको, लुटतन्त्रले विकासका कार्यहरू ठप्प भएको आरोप लगाए ।

देशको हावापानी विकास उन्मुख भएपनि सोको विपरीत सत्ता सञ्चालकहरूले काम गर्दा विकासमा पनि भेदभाव देखिएको गुनासो गरे । उनले शासनसत्तामा पहाडका मानिसहरूको हालीमुहाली रहेकोले पहाडमा विकास भएको तर सोको अनुपातमा मधेसमा विकास नभएको आरोप लगाए ।

मधेस प्रदेशका पूर्वमुख्यमन्त्री सरोजकुमार यादवले आफू मुख्यमन्त्री रहँदा विकास गरेको तर पनि पदमा टिकिराख्नका लागि पाँचपटक विश्वासको मत लिनुपरेको बताए । उनले आफू जनताको ऋणी रहेको र पुनः मुख्यमन्त्री भएर ऋणमुक्त गर्ने बताए ।

जसपा नेपाल बाराका क्षेत्रीय सभापति सुनील कुशवाहाको अध्यक्षतामा भएको कार्यक्रममा पूर्वमन्त्री उषाकुमारी यादव, बारागढी गापाका अध्यक्ष अशोक जैसवाल, रामकिशोर यादव, सुनील यादव, हेमचन्द्र जयसवारलगायतले मन्तव्य व्यक्त गरेका थिए। कार्यक्रममा राजेश यादवले स्वागत र रामबाबूप्रसाद यादवले सहजीकरण गरेका थिए ।

## आँखा शिविर सम्पन्न

प्रस, वीरगंज, १ मङ्सिर/

बाराको प्रसौनी गाउँपालिका–५ बेलहियामा शनिवार निश्शुल्क आँखा उपचार शिविर सम्पन्न भएको छ । माट्रिका आई फाउन्डेशन, वीरगंजको प्राविधिक सहयोगमा नेपाली काङ्ग्रेस प्रसौनी गापा–६ ले आयोजना गरेको शिविरको उद्घाटन नेका, बाराका सभापति एवं कलैया उपमहानगरका पूर्वप्रमुख राजेशराय यादवले गरेका थिए ।

गौरीशङ्कर साहको अध्यक्षतामा भएको शिविरमा २०५ जनाको आँखा जाँच भएको र त्यसमध्ये ६० जनामा मोतीबिन्दु फेला परेको माट्रिका आई फाउन्डेशनका कोअर्डिनेटर राजकिशोर गुप्ताले बताए । उनले मोतीबिन्दु भएकाहरूको निश्शुल्क शल्यक्रिया र चश्मा वितरण गरिने बताए ।



शिविरमा नेका बाराका सुनीलकुमार गुप्ता, लुकेश सिंह, प्रनि सुरेशराज भट्ट, तरुण दल बाराका सभापति दीपेन्द्र पटेल, राजकिशोर साह, नाजिर अन्सारी, प्रमोद कुशवाहा लगायतको सहभागिता थियो ।

## दुई महिलासहित ५८ जनाद्वारा रक्तदान

प्रस, वीरगंज, १ मङ्सिर/

शिखर इन्स्योरेन्स कम्पनी लिमिटेडको २१औं वार्षिकोत्सवको अवसरमा शनिवार आयोजित रक्तदान कार्यक्रममा दुईजना महिलासहित ५८ जनाले रक्तदान गरेका रक्तसञ्चार केन्द्र, वीरगंजका प्राविधिक प्रमुख सौरभराज पाण्डेयले बताए ।

कार्यक्रममा निशाकुमारी पटेल, हरिओम ठाकुर, श्रीराम पटेल, दीपक



मेहता, मनीष श्रीवास्तव, महम्मद चाँद, कन्हैया साह, कृष्ण यादव, अभिषेक चौरसिया, देवेन्द्रप्रसाद यादव, दीपुकुमार पटेल, दीपेश श्रीवास्तव लगायतले रक्तदान गरेका थिए ।

## विचारसार र सूक्तिहरू

**अहम् भनेको आँखामा परेको धूलो हो । धूलो सफा नगरी हामी कुनै कुरा स्पष्टसँग देख्न सक्दैनौं, त्यसैले पहिले अहम् सफा गर अनि दुनियाँलाई हेर ।**


| | | |
|---|---|---|
| प्रकाशक | : | प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११ |
| प्रधान सम्पादक | : | जगदीशप्रसाद शर्मा |
| व्यवस्थापक/सम्पादक | : | विकाश शर्मा |
| सम्पादक | : | शत्रुघ्न नेपाल/खड्गबहादुर श्रेष्ठ (प्रताप) |
| समाचार सम्पादक | : | आरके पटेल |
| बारा विशेष प्रतिनिधि | : | गम्भीरा सहनी |

मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com, prateekdainik@yahoo.com
Website: www.prateekdaily.com


# सत्ता परिवर्तन अमेरिकामा तरङ्ग नेपालमा

**समयान्तर**




ओमप्रकाश खनाल
omkhanal@gmail.com


**नेपालमा पनि लोकप्रियता र चर्को शब्दजालभन्दा विकास, समृद्धि, सुशासन र शान्तिका एजेन्डाको पक्षमा उभिनुपर्ने कुरा आत्मसात् गर्नु समयसापेक्ष हुनेछ । यसो त हाम्रा राजनीतिक प्रतिबद्धताहरूमा यी कुराहरूको कमी हुने गरेको छैन, तर तथ्यको परख नेपाली जनताले आफैं गर्नुपर्नेछ ।**

अमेरिकाको कार्यकारी प्रमुखको रूपमा ह्वाइटहाउसमा डोनाल्ड ट्रम्पको पुनरागमन भएसँगै अहिले विश्वको अर्थराजनीति तरङ्गित भएको छ। आगामी जनवरीमा ट्रम्पले सत्ता सम्हाल्ने छन् । अमेरिकी सत्तामा डोनाल्ड ट्रम्पको पुनरोदयले विश्वका शक्ति राष्ट्रहरूको आर्थिक र सामरिक सम्बन्धमा कस्तो परिवर्तन आउला भन्नेमा आआफ्नै स्वार्थ र सरोकार केन्द्रित विमर्शहरू भइराखेका छन् । विश्वको एक नम्बर अर्थतन्त्र र विश्वशक्ति राष्ट्रको सत्ता राजनीतिबारे यो चासो स्वाभाविक पनि हो ।

अहिले चर्चाको उत्कर्षमा रहेको अमेरिकी राजनीतिप्रतिको चासो नेपालका सन्दर्भमा कति तथ्यमा आधारित छ, यो बहसको बेग्लै विषय हो । तर, त्यहाँको निर्वाचन परिणामलाई प्रभावित पार्ने सरोकार भने हाम्रो समकालीन राजनीतिका निम्ति सापेक्ष रहेकोमा द्विविधा आवश्यक छैन ।

विश्वशक्ति मानिएको अमेरिकालाई सपनाको देश मान्ने नेपालीहरू पर्याप्त छन् । वैदेशिक रोजगार मात्र होइन, अमेरिका पुगेका र त्यहाँ जान इच्छुकहरूको एउटै लक्ष्य हुन्छ, अमेरिकाकै बासिन्दा बन्ने । यस्तो किन भएको होला ? निश्चय पनि त्यो देशले सार्थक बनाएको विकास र समृद्धिले नै आज अमेरिका अधिकांशका लागि रहरको गन्तव्य बनेको हो ।

अमेरिकाको यो तहसम्मको विकास र समृद्धि कसरी सम्भव भयो ? यसका अनेक पक्ष छन् । हामीकहाँ आयोजना हुने औसत बहसहरूमा विकसित अर्थतन्त्रको उदाहरण दिनु पर्दा अमेरिकाकै नाम अगाडि आउने गर्दछ। अमेरिकी राष्ट्रपतिको चुनावमा त्यहाँका नागरिक निर्णायक हुन्छन्, तर चासो विश्वभरि नै हुन्छ ? यो यसै सम्भव भएको होइन, अमेरिकाले आर्थिक समृद्धि र सामरिक शक्तिमा आफूलाई अब्बल साबित गर्न सकेकै कारण सारा विश्वको ध्यान अमेरिकी चुनाव र त्यसको परिणाम र प्रभावमा केन्द्रित भएको हो।

अहिले ट्रम्पको विदेश नीति कस्तो होला र त्यसबाट आफ्नो देशलाई नाफाघाटा के होला भन्ने दृष्टिकोणबाट चासोहरू प्रकट हुन थालेका छन् । हाम्रो अर्थ-राजनीति पनि यसबाट अछूतो छैन। ट्रम्पले विश्व मानचित्रमा समेत 'बल्लतल्ल पहिचान गरेको' नेपाल, भारत र चीनको बीचमा रहनुका कारण अमेरिकी चासो बढ्ने अनुमानदेखि ट्रम्पको पुनरोदयसँगै बढेको डलरको मूल्यलाई लिएर नेपालको बाह्य क्षेत्र (वैदेशिक व्यापार र विप्रेषण आप्रवाह) मा पर्ने असरबारे हाम्रा सञ्चारमाध्यममैं सही मन्थन भने भइराखेको छ।

यस अघि सन् २०१७ मा राष्ट्रपतिको रूपमा अमेरिकी सत्तामा उदाएका ट्रम्पलाई सन् २०२० को चुनावमा त्यहाँको जनताले हराइदिएको थियो । तर, ४ वर्षपछि उही जनताले ट्रम्पलाई पुनः सत्तामा पुऱ्याइदिएको छ। प्रायः विवादमा तानिने व्यावसायिक पृष्ठभूमिका ट्रम्पको पछिल्लो सत्तागमन कसरी सम्भव भयो ? अमेरिकी नागरिकले ट्रम्पका कुन एजेन्डा मन पराए वा उनीसँग प्रतिस्पर्धामा उत्रेकी कमला ह्यारिसलाई किन जनताले विश्वास गरेन ? ती कुन र कस्ता एजेन्डा थिए ? जसले विवादबीच पनि ट्रम्पलाई विश्वशक्तिको सत्तामा पुऱ्याइदियो ?

उदार नीतिको पक्षपाती मानिएकी डमोक्रेटिक उम्मेदवार ह्यारिसलाई छोडेर अमेरिकीले किन अनुदार छवि भनेर आलोचित रिपब्लिकन अगुवा ट्रम्पलाई जिताए ? यतिसम्म कि, तीव्र प्रतिस्पर्धा हुने भनिएका अधिकांश क्षेत्रका मतदाताले ट्रम्पलाई नै मत दिए । नेपालीहरूका लागि रोजगार र विकास बहसमा उदाहरणको सर्वोत्तम विकल्प ठानिएको अमेरिकाको चुनावी तथ्य नेपालको सत्ता राजनीतिलाई सही बाटोमा ल्याउने सन्दर्भ सामग्री बन्न किन सक्दैन ? ट्रम्पको विदेश नीतिले नेपाल-अमेरिका सम्बन्धलाई कुन बाटोमा लैजाला भन्ने मात्र हाम्रो सरोकार बन्नुहुँदैन, त्यहाँका मतदाताले के एजेन्डामा बहुमत दिए र के कुरा अस्वीकार गरे भन्ने पनि सतर्कतापूर्वक नियाल्नु जरुरी छ।

कोरोना महामारीका बावजूद अमेरिकामा बितेका ४ वर्षमा, जसलाई जे बाइडेनले नेतृत्व गरे, अमेरिकीहरू मूल्यवृद्धिको दबाबमा रहनु कमला ह्यारिसको हारको प्रमुख कारण मानिएको छ। विभिन्न सञ्चारमाध्यमले यसपटकको चुनावमा मतदाताको मुख्य चिन्ताको विषय मूल्यवृद्धि र यसले अमेरिकी अर्थतन्त्रमा पारेको दबाब नै थियो । दुईतिहाई अमेरिकी त्यहाँको अर्थतन्त्रबारे चिन्तित बनेका विवरण अन्तर्राष्ट्रिय सञ्चारमाध्यमहरूले प्रकाशित गरेका थिए। बितेको ५ दशक यताकै उच्च मूल्यवृद्धि अमेरिकीले बितेका ४ वर्षमा सामना गरेको अवस्थामा ट्रम्पले त्यसलाई मुख्य मुद्दामात्र बनाएनन्, उनले आफ्नो अघिल्लो ४ वर्षे कार्यकाल र बाइडेन प्रशासनको ४ वर्षमा के त्यस्तो सुधार पाउनुभयो भनेर अमेरिकी जनतालाई प्रश्नमात्र गरे। यसले ट्रम्पलाई बल त पुग्यो नै, ४ वर्षसम्म बाइडेन प्रशासनको उपराष्ट्रपति बनेर काम गरेकी ह्यारिसका लागि यो विकर्षणको कारण बन्यो ।

विदेश नीतिमा अमेरिकाको स्वार्थ अग्रस्थानमा राख्नेदेखि कर कटौतिका एजेन्डाले ट्रम्पप्रति मतदाता बढी आश्वस्त हुन पुगे । कोभिड महामारीपछि बढेको दैनिक जीवनयापनको खर्चले अमेरिकी नागरिकमा बाइडेन प्रशासनप्रति वितृष्णा बढाएको अवस्थामा ह्यारिस बाइडेनकै उत्तराधिकारीको रूपमा चुनावी मैदानमा आउनु पनि डेमोक्रेटिकको पराजयको प्रमुख कारण बन्यो । समाचार संस्था सिएनएनको सर्वेक्षणले अर्थतन्त्र सम्हाल्ने मामिलामा आधाभन्दा बढी अमेरिकीले ह्यारिसको तुलनामा ट्रम्पलाई विश्वास गरेको देखाएको थियो ।

व्यापारिक पृष्ठभूमिका ट्रम्पलाई कर कटौतिको योजनाकै कारण त्यहाँका व्यापारी र इलन मस्कजस्ता खर्बपतिहरूले खुलेरै समर्थन गरेको देखियो । ट्रम्पको जीतसँगै अमेरिकी डलर र शेयर बजारको भाउ उकालोमात्र लागेन, त्यही दिन विश्वका १० धनाढ्यको सम्पत्ति ६४ बिलियन (८६ खर्ब ३६ अर्ब रुपियाँ बराबर) अमेरिकी डलरले बढेको ब्लुम्बर्ग बिलिनियर इन्डेक्सले देखायो ।

अमेरिकीहरू त्यहाँको विफल अर्थतन्त्र, रूस-युक्रेन र मध्यपूर्वका युद्ध विस्तार गर्ने बाइडेनको विदेश नीतिप्रति असन्तुष्ट रहेको पनि त्यहाँका अध्ययनहरूले उजागर गरेका विषय नै हुन् । अर्कातिर ट्रम्पले चुनाव जितेमा ती युद्धहरू रोक्ने प्रतिबद्धता गरे । जसले गर्दा अनेक आलोचना र विवादित छविबीच ट्रम्पलाई ह्वाइटहाउस पुगे । त्यहाँका सञ्चारमाध्यमहरूका अनुसार ह्यारिसले नागरिकका दैनिक आवश्यकता एजेन्डाभन्दा बढी ट्रम्पको अलोचनालाई चुनावी एजेन्डा बनाएको मतदाताले रुचाएनन् । यसले मतदाता अब आलोचना होइन, एजेन्डामा विश्वास गर्छन् भन्ने देखिएको छ । महाशक्ति अमेरिकाको यस चुनावी परिणामको परिदृश्यले अमेरिकीहरू अब दम्भ र युद्ध होइन, मूल्यवृद्धिविनाको शक्ति र समृद्धिसहित शान्ति चाहन्छन् भन्ने देखाएको त्यहाँका सञ्चारमाध्यमहरूको विश्लेषण छ । अतः नेपालमा पनि लोकप्रियता र चर्को शब्दजालभन्दा विकास, समृद्धि, सुशासन र शान्तिका एजेन्डाको पक्षमा उभिनुपर्ने कुरा आत्मसात् गर्नु समयसापेक्ष हुनेछ। यसो त हाम्रा राजनीतिक प्रतिबद्धताहरूमा यी कुराहरूको कुनै कमी हुने गरेको छैन, तर तथ्यको परख भने नेपाली जनताले आफैं गर्नुपर्नेछ।

# पहिलो चौमासिकमा करीब १० प्रतिशत मात्रै विकास खर्च

काठमाडौं, १ मङ्सिर/रासस

चालू आर्थिक वर्ष २०८१/८२ को पहिलो चौमासिकमा विकास खर्च निकै कम देखिएको छ । महालेखा नियन्त्रक कार्यालयका अनुसार कात्तिक मसान्तसम्ममा पूँजीगत खर्च करीब १० प्रतिशत मात्रै छ ।

चालू आर्थिक वर्षका लागि सरकारले कुल रु १८ खर्ब ६० अर्ब ३० अर्ब ३० करोड बराबरको बजेट ल्याएको थियो । कात्तिक मसान्तसम्ममा २२ दशमलव ३१ प्रतिशत अर्थात् रु चार खर्ब १५ अर्ब दुई करोड खर्च भएको छ।

सरकारको चालूतर्फको बजेट खर्च वार्षिक लक्ष्यको २५ दशमलव ६५ प्रतिशत छ । चालूगत शीर्षकमा रु ११ खर्ब ४० अर्ब ६६ करोड ४५ लाख बजेट विनियोजन भएकामा कात्तिक मसान्तसम्ममा रु दुई खर्ब ९२ अर्ब ५२ करोड ६७ लाख बराबर खर्च भएको छ।

पूँजीगत शीर्षकमा रु तीन खर्ब ५२ अर्ब ३५ करोड ४० लाख बराबर विनियोजन भएकामा नौ दशमलव आठ प्रतिशत अर्थात् रु ३४ अर्ब ५३ करोड १० लाख बराबर खर्च भएको छ। वित्तीय व्यवस्था शीर्षकमा चालू आर्थिक वर्षको लागि रु तीन खर्ब ६७ अर्ब २८ करोड ४५ लाख बराबर विनियोजन भएकामा पहिलो चौमासिकमा रु ८९ अर्ब ९६ करोड २४ लाख बराबर खर्च भएको छ।

कात्तिक मसान्तसम्मको राजस्व सङ्कलन वार्षिक लक्ष्यको २२ दशमलव ३६ प्रतिशत बराबर छ । चालू आर्थिक वर्षका लागि सरकारले कुल रु १४ खर्ब ७१ अर्ब ६२ करोड ९५ लाख राजस्व सङ्कलन गर्ने लक्ष्य राखिएकामा हालसम्म रु तीन खर्ब २९ अर्ब एक करोड ५५ लाख बराबर खर्च भएको छ।

सरकारले चालू आर्थिक वर्षका लागि रु ५२ अर्ब ३२ करोड ६५ लाख बराबर वैदेशिक अनुदान उठाउने लक्ष्य राखिएकामा हालसम्मको प्रगति शून्य छ।

# कसरी चिन्ने स्वधर्म

मानिस कर्म गर्नका लागि स्वतन्त्र छ, तर कर्मको फल चुनाव गर्ने उसलाई कुनै सुविधा छैन । व्यक्ति असल र नराम्रोजस्तो पनि कर्म गर्दछ, त्यसै अनुरूप उसलाई असल-खराब फल ढिलो-चाँडो भोग्नुपर्दछ । यही कारण हो कि ब्रह्माण्डको सञ्चालन, सर्वशक्तिमान ईश्वरले बनाएको नियम अनुरूप भइरहेको छ, जसमा कर्मफल-व्यवस्था प्रमुख छ, जुन ईश्वरको स्व-सञ्चालित सृष्टिको मूलमा सक्रिय एउटा अचूक एवं अटल विधान हो । जहाँ असल कर्महरूको पुण्यफल विभिन्न सुख, सम्पदा र अनुकूलताहरूको रूपमा प्राप्त हुन्छ; त्यहीं खराब कर्महरूको फल विभिन्न प्रकारका दुःख, कष्ट, रोग एवं प्रतिकूलताहरूको रूपमा प्राप्त हुन्छ ।

**जीवनका समस्याहरूलाई निखन्ने आध्यात्मिक तरीका यो हो कि कसैलाई दोष नदिउँ, मनमा कुण्ठा नपालौं र सकारात्मक बनिरहूँ । जीवनमा घटिरहेका प्रत्येक राम्रा घटनाका लागि ईश्वरलाई धन्यवाद दिउँ । नराम्रा दिनलाई खुला हृदयले स्वीकार गरौं ।**

वस्तुतः ईश्वरीय न्याय-व्यवस्था अचूक छ र ईश्वरसँग केही लुकेको पनि छैन। हाम्रो प्रत्येक शब्द, विचार र कर्म शास्त्रमा वर्णित चित्रगुप्तद्वारा दर्ता गरिन्छ; जसलाई मनोविज्ञानको भाषामा भन्ने हो भने यी सबै अवचेतन मनका गहिराइमा अङ्कित भइरहन्छन् ।

जब खराब कर्महरूको भारी बढ्न थाल्छ, तब यसको दबाब तन-मनमा पर्दछ र विभिन्न प्रकारका आधि-व्याधि तथा सङ्कटका रूपमा यी जीवनमा प्रकट हुन थाल्छन् र कतिपटक यी सबै मिलेर जीवनलाई नर्कतुल्य बनाइदिन्छन् । यदि यिनको परिमार्जन नगर्ने हो भने यी जीवनको महायात्राको आउँदो बिसौनीमा दुर्गतिका कारण बन्दछन् ।

अतः यस लोक-परलोकमा सुख-शान्ति एवं सद्गतिका अभीप्सु व्यक्तिहरूका लागि आफ्नो जीवनको सुख-चैन हरण गर्ने नकारात्मक कर्महरूको पहिचान आवश्यक हुन जान्छ, जसप्रति उपेक्षाको लेश भाव रहन्छ र फासफुसे कर्मकाण्डीय उपचार एवं ईश्वरको खुशामद-गुनासोजस्तो कृत्यहरूका माध्यमले जीवनमा सकारात्मक परिणाम प्राप्त गर्ने विडम्बना चलिरहन्छ । यस्तोमा अधिकांशतः निराशा नै हात लाग्छ र व्यक्ति जीवनको परिष्कार गर्नुको साटो हुँदो नखाँदो हेय कर्महरूमा लिप्त हुन पुग्छ ।

आफ्नो स्वास्थ्यको वास्ता नगर्नु र स्वयंलाई नोक्सान पुऱ्याउनु एक किसिमले पापकर्म नै मान्न सकिन्छ, जस अन्तर्गत आहार-विहारको असंयम, नशा, धूमपान, रक्सी, मांसाहारजस्ता अभक्ष्य आहारको सेवन सामेल छ। श्रम गर्न अल्छी मान्नु, श्रमको सम्मान नगर्नु, कामचोरी, व्यायाम नगर्नु तथा आलस्यमा समय बर्बाद गर्नु-यी सबैले शारीरिकस्तरमा मानिसलाई अधोगतितिर नै लैजान्छन् । जीवनलाई राग-रंग तथा मौज-मस्तीमा व्यर्थ गुमाउनु पनि कर्मलाई बिगार्नुजस्तै हो ।

आफ्नो स्वधर्म चिन्ने चेष्टा नगर्नु पनि एक प्रकारको पापकर्म हो, जसको दंश व्यक्तिले जीवनभरि भोगिरहन्छ । यसलाई पूरा गर्न नपाएको पछुतोले जीवनभरि मानिसलाई अशान्त-क्लान्त र दुःखी पारिरहन्छ। यसैकारण व्यक्ति आफ्नो कर्तव्यबाट विमुख रहन्छ तथा जिम्मेदारीहरूबाट पन्छिइरहन्छ ।

यसैको विस्तार आमाबुवाको सेवा-शुश्रूषा, केटाकेटी तथा आश्रितहरूप्रति कर्तव्य पालन नगर्ने रूपमा देखिन्छ। कुनै आश्चर्य छैन कि स्वयंबाट क्षुब्ध, आफ्नो जीवनबाट त्रस्त व्यक्ति आफ्नो वाणी-व्यवहारले अरूलाई मानसिक आघात दिंदो हो, भावनात्मक चोट पुऱ्याउँदो हो र स्वयं नै दुःखको कारण बन्दो हो-जुन सम्मिलितरूपमा उसको जीवनमा कर्मको जालोलाई अझ अल्झाउने कारण बन्दछन् ।

यसै कारण व्यक्ति परिस्थितिहरूको सामना गर्न सक्दैन; यसमा निहित सत्यको सामना गर्नबाट पन्छिन्छ तथा जीवनका समस्याहरूबाट राम्ररी मुक्त हुन सक्दैन। साथै उसले परिवारमा केटाकेटीलाई राम्रो संस्कार दिन सक्दैन जसले केटाकेटीहरू बिग्रने सुनिश्चित हुन्छ तथा परिवारिक सुख-शान्तिको ठाउँमा कलह-क्लेश तथा अशान्तिको वातावरण बन्न पुग्छ ।

बाह्य जीवनमा आन्तरिक साहसको अभावमा व्यक्ति दुष्टता सहन गरिरहन्छ, साँचो भन्न तथा यसको पक्षमा उभिने साहस उसमा हुँदैन तथा नकारात्मक व्यक्तिहरूको नराम्रा आचरण सहन गर्ने बानी पर्न जान्छ । यस्तोमा दुष्टतालाई बढावा दिनु पनि पापको श्रेणीमा पर्छ।

यसका साथै अरूलाई नराम्रा कार्य वा गलत बाटोमा हिंड्न उक्साउनु, भड्काउनु पनि नीच कर्मको नै कारण बन्दछ । नकारात्मक कर्मको सबभन्दा घातक स्वरूप आत्महत्याजस्तो जघन्य अपराधको रूपमा देखा पर्छ, जसमा ऊ ईश्वरले दिएको उपहारको अपमान गर्दछ, जसको भुक्तान फेरि कैयौं जन्मसम्म निम्न योनिहरूमा भौंतारिंदै, घोर आन्तरिक यन्त्रणाको रूपमा भोग्नुपर्छ ।

यस प्रकार नकारात्मक कर्महरूको भारीका साथ यसो सुरदुर्लभ जीवन पटचारलाग्दो हुन थाल्छ। यस भारीबाट उन्मुक्त हुने राजमार्ग सत्कर्महरूको पुण्य सम्पदा सतत् अर्जित गर्ने सचेष्ट प्रयास नै हो, जस अन्तर्गत इच्छुक व्यक्ति निम्न उपाय अवलम्बन गर्न सक्छन् ।

आफ्नो स्वधर्मको खोजमा नित्य केही समय लगाउँ र एउटा उद्देश्यपूर्ण जीवन बाँच्ने इमानदार प्रयास गरौं । आफ्नो जीवनका विषम परिस्थितिहरूका लागि अरूलाई जिम्मेदार नठानेर आफ्ना असफलताहरूको जिम्मेदारी स्वयं लिउँ। जीवनमा समस्याहरूसँग नभागौं, यिनको सामना गरौं तथा यिनलाई स्वीकार गरौं। यो मानेर हिंडौं कि प्रत्येक बाधा एउटा परीक्षाको रूपमा केही सबक दिनका लागि आएको हुन्छ, जसको आफैंले कसी लगाएर परीक्षण गर्दै आवश्यक सबक लिंदै भावी जीवनलाई अरू उत्कृष्ट बनाउन सकिन्छ ।

यस प्रकार आफ्नो स्थिति बदल्ने सच्चा इच्छा राखौं र यसको समझदारीपूर्वक समाधान गरौं। आफ्ना सानासाना कर्म तथा भाव-चिन्ताप्रति पनि सचेष्ट रहौं र यदि कहीं केही चुक भइरहेको छ भने यसको परिमार्जन गर्दै नित्य आन्तरिक स्वच्छता बढाउँ ।

अरूसँग तुलना नगरौं । अरू किन सुखी, प्रतिभावान छन्, यसपछाडि निहित कारणहरूलाई खोजौं र त्यसबाट प्रेरणा लिउँ र आफ्नो स्वतन्त्र विकासप्रति सचेष्ट बनौं । प्रत्येक स्थितिमा अरूको यथासम्भव सहायता गरौं र राम्रोभन्दा राम्रो कर्म गरिरहौं । आफ्नो मनलाई नियन्त्रित राखौं, अन्तरात्माको ध्वनि सुनौं र सन्मार्गमा साहसिक पाइला उचालिरहौं।

वास्तवमा दुःख, कष्ट एवं रोगजस्ता विषमताहरू व्यक्तिको स्वच्छताका लागि आएका यस्ता दुर्लभ अवसर हुन्- जसका माध्यमले जीवात्मा यस जन्म र पूर्वजन्महरूको ऋण तीव्रताले चुक्ता गर्न सक्दछ ।

जब हामी समस्याहरूको सामना यस समझका साथ बहादुरी र मुस्कानका साथ गर्दछौं, तब ईश्वरीय प्रयोजनलाई सहयोग गरेको र अस्तित्वका साथ न्याय गरेको ठहरिन्छ। यसको साटो जब हामी गुनासो गर्दछौं, आफ्नो जिम्मेवारी लिंदैनौं तथा परदोषारोपण गर्दछौं भने कर्महरूको भारी झन् बढ्न थाल्छ ।

कहिलेकाहीं लाग्दछ कि कर्महरूको हिसाब चुक्ता गर्ने गति निकै मन्द छ, दुःख-कष्टहरूको कुनै अन्त भइरहेको छैन, तर आत्मपरिष्कारको काम तब पनि चलिरहेको हुन्छ। यस्तोमा समस्याहरूको बहादुरीका साथ सामना गरौं, साहस र धैर्यका साथ यस्तो मनोभाव लिएर बाँचौं कि आफू समस्याहरूभन्दा ठूलो छु। ती धेरै समय मेरासामु टिक्न सक्दैनन् । अँध्यारो रात्रिपछि छिटै बिहानी आउने नै छ ।

यहाँ नकारात्मक तत्त्वहरूबाट सावधानी पनि आवश्यक छ; किनकि कसैलाई पनि यो अधिकार वा स्वीकृति दिन सकिंदैन कि उसले कसैलाई नीचा देखाओस् वा अपराधबोधले ग्रस्त पारोस् वा व्यक्तिको मौलिक अद्वितीयतामा प्रश्नचिह्न लगाउँदै व्यक्तिलाई नकारात्मक भावले भरिदेओस् । अतः आफ्नो जीवनको सुख-शान्ति एवं स्वतन्त्र विकासका लागि यो आवश्यक हुन जान्छ कि नकारात्मक तत्त्वहरूको अनधिकार चेष्टाहरू स्वीकार नगरौं, सत्पात्रहरूसँग मात्रै हृदयका भाव साझा गरौं तथा आवश्यकता परेकालाई सहायता गरौं ।

जीवनका समस्याहरूलाई निखन्ने आध्यात्मिक तरीका यो हो कि कसैलाई दोष नदिउँ, मनमा कुण्ठा नपालौं र सकारात्मक बनिरहूँ। जीवनमा घटिरहेका प्रत्येक राम्रा घटनाका लागि ईश्वरलाई धन्यवाद दिउँ । नराम्रा दिनलाई खुला हृदयले स्वीकार गरौं । साथै सुखको घडीमा यदि सजग रहन्छौं भने दुःख आएपछि त्यसका पछाडि निहित दैवी प्रयोजनलाई पनि बुझ्न सकिन्छ र सही अर्थमा जीवनको आनन्द उठाउन सकिन्छ। साथै जजसले ज्ञात-अज्ञातरूपले सहायता गरेका छन्, उनीहरूप्रति कृतज्ञता, धन्यवाद एवं प्रार्थनाको भाव भरिराखौं। हामी जति प्रकाशतर्फ बढ्दै जान्छौं, अन्धकार त्यति नै पछि छुट्दै जान्छ र हामी आलोकित पथमा सदा अग्रसर भइरहन्छौं ।

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोन ९८४५११९४४८

## अन्तर्राष्ट्रिय समाचार

# अस्पतालमा आगलागी, १० जना नवजात शिशुको मृत्यु

नयाँ दिल्ली, १ मङ्सिर/एएफपी

भारतमा एक अस्पतालमा आगलागी हुँदा १० जना नवजात शिशुको मृत्यु हुनुका साथै अन्य १६ शिशुको अवस्था गम्भीर रहेको अधिकारीहरूले शनिवार बताएका छन्।


आगलागीमा ध्वस्त भएको एनआइसियू। तस्वीरः एजेन्सी

अधिकारीका अनुसार शुक्रवार राति करीब १०:३० बजे झाँसीको महारानी लक्ष्मीबाई मेडिकल कलेजको एनआइसियूमा आगलागी भएको थियो।

घटनास्थलको फुटेजमा वार्डभित्र जलेका बिस्तरा तथा पर्खालहरू देखिएका थिए भने आक्रोशित परिवारहरू अस्पतालबाहिर पर्खिरहेका थिए। यसैगरी, आगलागीबाट उद्धार गरिएका बच्चाहरूलाई सुरक्षित ठाउँमा राखिएको थियो।

आगलागीको घटनामा १० जना शिशुको दुःखद मृत्यु भएको उत्तर प्रदेशका उपमुख्यमन्त्री ब्रजेश पाठकले पत्रकारहरूलाई बताएका छन्। उनका अनुसार सातवटा शवको पहिचान भइसकेको छ भने तीनवटा शवको अहिलेसम्म पहिचान हुन सकेको छैन।

आगलागीको कारणबारे अनुसन्धान गरी जिम्मेवारहरूविरुद्ध कडा कारबाही गरिने मन्त्री पाठकले बताएका छन्।

प्रमुख जिल्ला अधिकारी अविनाश कुमारले युनिटमा विद्युतीय सर्टसर्किटका कारण आगलागी भएको बताएका छन्।

गम्भीर घाइतेहरूलाई चिकित्सा सेवा प्रदान गरिरहेको प्रमुख जिल्ला अधिकारी अविनाश कुमारलाई उदृत गरी हिन्दुस्तान टाइम्सले जनाएको छ।

स्थानीय सञ्चारमाध्यमले अधिकारीहरूलाई उद्धृत गर्दै वातावरणमा अक्सिजनको स्तर बढाउन प्रयोग गरिने मेशिनरीमा आगलागी भएको जनाएका छन्।

प्रधानमन्त्री नरेन्द्र मोदीले सामाजिक सञ्जाल एक्समार्फत बालबालिकाको मृत्युलाई हृदयविदारक घटना भन्दै निर्दोष सन्तान गुमाउनेहरूप्रति समवेदना व्यक्त गरेका छन्।

उत्तर प्रदेशका मुख्यमन्त्री योगी आदित्यनाथले शोकाकुल परिवारलाई पाँच लाख रुपैयाँ क्षतिपूर्ति दिने घोषणा गर्दै सम्बन्धित अधिकारीहरूलाई राहत र उद्धार कार्य गर्न निर्देशन दिएका छन्। रासस

# डढेलोको खतराका कारण शहरहरू खाली गर्दै

सिड्नी, १ मङ्सिर/सिन्ह्वा

दक्षिणपूर्वी अस्ट्रेलियाली शहरका बासिन्दाहरूलाई सम्भावित डढेलो (बुशफायर)को जोखिमका कारण बासस्थान खाली गर्न आदेश दिइएको छ।

दक्षिणपूर्वी राज्य भिक्टोरियाका अधिकारीहरूले शनिवार अस्ट्रेलियाका पश्चिमी र दक्षिणपश्चिमी समुदायहरूका लागि आपत्कालीन चेतावनी जारी गरेका छन्।

अधिकारीहरूले चेतावनीमा जेखिम न्यूनीकरणको सुरक्षित विकल्प निकासी भएको उल्लेख गर्दै अवस्था धेरै बिग्रन सक्ने र यहीं बसेमा आपत्कालीन सेवासमेत प्रवाह गर्न नसक्ने तथा गम्भीर चोटपटकसहित मृत्युको जोखिम हुन सक्ने जनाएका छन्।

मौसम विज्ञान विभागले शनिवार दक्षिणी र पूर्वी अस्ट्रेलियाका धेरै भागमा विनाशकारी आगलागीको खतरा रहेको पूर्वानुमान गरेको छ।

मेलबर्नबाट करीब एक सय किलोमिटर पश्चिममा रहेको सानो भिक्टोरियन शहर डेरेलमा लागेको आगोसँग लड्न २० वटा भन्दा बढी फायर ट्रक तैनाथ गरिएको जनाइएको छ।

अधिकारीहरूले शनिवार उत्तरपश्चिम भिक्टोरियामा आगो पूर्ण प्रतिबन्धको घोषणा गरी मुलुकभर सतर्कता अपनाउन सल्लाह दिएका छन्।

भिक्टोरियाका धेरै भागमा भने भारी वर्षाको पूर्वानुमानका साथ आइतवार अवस्था सहज हुने अपेक्षा गरिएको छ।

## आजको राशिफल

| | |
|---|---|
| मेष: अतिथिआगमन | वृष: सुयश |
| मिथुन: खर्चवृद्धि | कर्कट: धनलाभ |
| सिंह: सफलता | कन्या: राज्यलाभ |
| तुला: रोगभय | वृश्चिक: व्यापारवृद्धि |
| धनु: शत्रुपराजय | मकर: सुसमाचार |
| कुम्भ: भयचिन्ता | मीन: राज्यलाभ |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

# रूसद्वारा अमेरिकामा युरेनियम निर्यातमा प्रतिबन्ध

मस्को (रूस), १ मङ्सिर/सिन्ह्वा

रूसले संयुक्त राज्य अमेरिकामा युरेनियम निर्यातमा अस्थायी प्रतिबन्ध लगाएको रूसी सरकारले जनाएको छ।

स्रोतका अनुसार प्रतिबन्धहरू अमेरिकामा निर्यात तथा अमेरिकी क्षेत्राधिकारमा दर्ता भएका संस्थाहरूसँग विदेशी व्यापार सम्झौता अन्तर्गत लागू हुनेछन्। प्राविधिक र निर्यात नियन्त्रणको लागि सङ्घीय सेवाले जारी गरेको इजाजतपत्र अन्तर्गत वितरण गर्न अनुमति दिइनेछ।

प्रतिबन्धले युरेनियमको लागि रूसमा निर्भर अमेरिकाको आणविक ऊर्जा आपूर्तिमा अभाव खडा गर्ने आकलन गरिएको छ।

अमेरिकी राष्ट्रपति जो बाइडेनले गत मे महीनामा हस्ताक्षर गरेको सन् २०४० सम्म रूसी युरेनियम आयातमा प्रतिबन्ध लगाउने अमेरिकी कानूनपछि रूसले यो कदम चालेको जनाइएको छ।

अमेरिकी तथ्याङ्क अनुसार यस वर्ष रूसी युरेनियमको कुल खरीद ५७४ मिलियन डलर पुगेको छ, जुन अघिल्लो वर्षको तुलनामा लगभग ३२ प्रतिशतले कम हो।


यहाँ स्तरीय छपाईसम्बन्धी सम्पूर्ण कार्य गरिन्छ।

बिल, बुक, खाता | क्यालेन्डर, ब्रोसर, पोस्टर | विवाह कार्ड, लेटरप्याड

पुस्तक, डायरी | भिजिटिङ कार्ड | फ्लेक्स, ब्यानर

प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)

त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५

email: prateekdaily@gmail.com, Website: eprateekdaily.com



**बराह ताल र हिमालको प्रतिविम्ब**: म्याग्दीको मालिका गाउँपालिका–१ मा पर्ने निस्कोट गाउँको सिरानमा रहेको आकर्षक बराह ताल र तालमा देखिएको धौलागिरि र नीलगिरि हिमालको प्रतिविम्ब। तस्बिरः ध्रुवसागर शर्मा/रासस

# साइँबाबा सहकारीको १४औं साधारणसभा सम्पन्न

प्रस, वीरगंज, १ मङ्सिर/

साइँबाबा सहकारी संस्था लिमिटेडको १४औं वार्षिक साधारणसभा शनिवार सम्पन्न भएको छ। साधारणसभाको उद्घाटन वीरगंज महानगरपालिका सहकारी विभागका प्रमुख सुनील कर्णले गरेका थिए।

प्रमुख अतिथि कर्णले सहकारीमा फैलिएको अराजकतालाई स्थानीय निकाय अन्तर्गतको सहकारी विभागले अङ्कुश लगाउँदै आएको बताए। उनले नियमनमा चलेको सहकारीबाट डराउनु नपर्ने जिकिर गरे।

सभाको अध्यक्षता गर्दै सहकारीका अध्यक्ष विकाश शर्माले जनमानसमा सहकारीको आतङ्क मचेकोमा स्थानीय निकायले नियमन गरी सहकारीप्रतिको विश्वास जगाउनुपर्नेमा जोड दिए।

सहकारीका सल्लाहकार सीताराम उपाध्यायले आर्थिक मन्दीले सहकारी क्षेत्रलाई व्यापक असर पारेको बताउँदै यस्तो बेला सहकारी संस्थाले बढी ब्याजको लोभ दिनुबाट बच्नुपर्ने बताए।



कार्यक्रममा नवदीप एकेडेमीकी प्रधानाध्यापिका सुशीला साह र पञ्चमाया श्रेष्ठलाई सम्मानित गरिएको थियो।

कार्यक्रममा सहजीकरण कृष्ण मेहता र स्वागत सुशीला साहले गरेका थिए। साधारणसभाले नयाँ कार्यसमिति गठन गर्नुका साथै कर्जा र लेखा समिति पनि गठन गरेको थियो।

# जूनको उज्यालोमा मकै सुकाउने पर्व सम्पन्न

गोरखा, १ मङ्सिर/रासस

गोरखामा मकै सुकाउने पर्व मनाइएको छ। यहाँका नेवार समुदायले परम्परागतरूपमा मनाउँदै आएको मकै सुकाउने पर्व शुक्रवार राति धूमधामका साथ मनाइएको हो।

ऐतिहासिक क्षेत्र संरक्षण तथा विकास समितिको आयोजनामा नेवारलगायतका समुदायले जूनको उज्यालोमा सामूहिकरूपमा मकै सुकाएर पर्व मनाएको समितिका अध्यक्ष सुरेशमान श्रेष्ठले जानकारी दिए।

ठूलो आँगनमा प्लास्टिक ओछ्याएर भुटेको मकै, बदाम, भटमास, चना, केराउलगायतका खाद्यान्न राखिएको थियो। "पर्व मनाउन स्थानीयले घरबाट मकैसहितका गेडागुडी र अन्नबाली ल्याउनुभएको थियो, यसरी सुकाएको अन्नलाई प्रसादका रूपमा ग्रहण गर्ने चलन छ।"

नेवार समुदायको अगुवासमेत रहेका ज्येष्ठ नागरिक समाज गोरखाका अध्यक्ष मोहनलाल श्रेष्ठले झन्डै ४० वर्षदेखि मनाउन छोडिएको यो पर्व विगत तीन वर्षदेखि सामूहिकरूपमा मनाउन थालिएको जानकारी दिए। कात्तिक शुक्ल पूर्णिमाको रातमा अमृत वर्षा हुने भएकोले भुटेको मकै, बदाम, भटमास, चना केराउलगायतका गेडागुडी, फलफूल, शखरखण्डका साथै खाद्यान्न जूनमा सुकाएर खाएमा अमृत समान हुने विश्वासका साथ पर्व मनाउने गरिएको उनको भनाइ छ।



शुक्ल पूर्णिमाको दिन जूनको प्रकाशमा सुकाइएको अन्न खाएमा रोग नलाग्ने र प्राचन प्रणाली स्वस्थ र बलियो हुने धार्मिक विश्वाससमेत रहेको उनको भनाइ छ। यो पर्व परम्परागतरूपमा नेवार समुदायले घरघरमा अन्न सुकाएर मनाउने गरेको भएपनि अहिले भने संस्कृति र परम्पराको संरक्षणका लागि सामूहिकरूपमा मनाउन थालिएको छ।

परम्परा र संस्कतिलाई पुस्तान्तरण गर्दै लैजाने उद्देश्यका साथ लामो समयदेखि रोकिएको मकै सुकाउने पर्व गएको तीन वर्षदेखि पुनः मनाउन थालिएको श्रेष्ठको भनाइ छ।

कार्यक्रममा गोरखा नगरपालिकाका प्रमुख कृष्णबहादुर रानामगरले लोप हुनै लागेको मकै सुकाउने पर्वको जर्गेना गर्न स्थानीय समुदायले थालेको प्रयास सराहनीय भएको बताए। सोही अवसरमा नेवार समुदायको परम्परा र संस्कृति झल्कने पोशाकमा सजिएर विभिन्न सांस्कृतिक कार्यक्रमसमेत गरिएको आयोजकले जनाएको छ।


**सिराहाको कमल दह**: सिराहाको मिर्चैया नगरपालिका–९ मा अवस्थित ऐतिहासिक तथा धार्मिक महत्त्व बोकेको कमलदह। झन्डै १२ वर्गकिलोमिटर क्षेत्रफलमा फैलिएको यस दहको उचित संरक्षण हुन सकेको छैन। तस्बिरः सुदीप राउत/रासस

# बहुदरमाई मन्दिरमा पाँच दिने नागपूजा र मेला

नरेश यादव, पर्सागढी, १ मङ्सिर/

बहुदरमाई नगरपालिका–२ पिपरास्थित बहुदरमाई मन्दिरमा शुक्रवारदेखि नागदेवताको पूजासँगै पाँच दिने मेला शुरू भएको छ।



स्थानीय नेता राकेश यादवले परापूर्वकालदेखि नागपूजा र मेला लाग्दै आएको बताए। उनले शुरूमा बहुदरमाई मन्दिर क्षेत्र खुलारूपमा थियो। खुला भएको कारण सो मन्दिर क्षेत्र आसपास स्थानीयहरूले मारिदिए। एउटा नाग मारिएको घटनापछि सो स्थानमा थुप्रै नाग प्रकट भएर वस्तुहरू चराउने वातावरण भएन। त्यसपछि गाउँलेहरूले एउटा नाग आफूबाट मारिएकोले यो गाउँलेहरू वस्तु चराउन आउँथे। वस्तुहरूको गोबर एक स्थानमा जम्मा गरिन्थ्यो र एक दिन गोबर जम्मा गरिएको स्थानबाट नाग निस्कियो। यसरी गोबरबाट निस्किएको नागलाई समस्या आएको ठम्याएर गोबर थुपारिने स्थानमा नागदेवताको पूजा शुरू गरे। त्यसपछि नागहरू हराउन थाले र सोही बखतदेखि गोबर थुपारिएको स्थानमा मानिसहरूले नागपूजा गर्न थालेको किंवदन्ती रहेको नेता यादव बताउँछन्।

स्थानीयहरूले पूजापाठ गरेपछि नागहरू हराएका र त्यसपछि सो स्थानमा मन्दिर बनाएर त्यसको नाम बहुदरमाई नामकरण भएको बताइन्छ। सोही बखतदेखि बहुदरमाई मन्दिरमा कार्तिक पूर्णिमाको दिनदेखि पाँच दिने मेला लाग्ने र मन्दिरमा पूजाआजा गरिने चलन चलिआएको नेता यादव बताउँछन्। कार्तिक पूर्णिमाको पहिलो दिन बहुदरमाई मन्दिरमा बोकाको बलि दिने प्रचलन छ।

सोही प्रचलन अनुसार हिजो शुक्रवार कार्तिक पूर्णिमाका दिन यो मन्दिरमा बोकाको बलि दिइएको थियो। शुक्रवारदेखि मन्दिर परिसरमा पाँच दिनसम्म मेला शुरू भएको छ भने स्थानीयबाहेक अन्यत्र स्थानबाट पनि भक्तजनहरू मेला भर्न आइरहेका छन्।

## पुरानो पेडापसल सञ्चालन

प्रस, वीरगंज, १ मङ्सिर/

बारा जिल्ला कलैया उपमहानगरपालिका–१८ मोतिसरमा रहेको पुरानो पेडाको पसल पुनः शनिवारदेखि सञ्चालनमा आएको छ।



मोतिसरका अनुप उपाध्यायले बुबा र ठूलोबुबाले सञ्चालनमा ल्याएको ५५ वर्ष पुरानो पेडापसल आजदेखि सञ्चालनमा ल्याएका हुन्।

२०२६ सालमा उनका पिता मुकुन्द उपाध्यायले सो पेडापसल सञ्चालन गरेका थिए। पछि उनी बैंकमा जागीरे भएपछि दाजु वासु उपाध्यायले सञ्चालन गरेका र तीन वर्ष अघि उनको मृत्यु भएपछि पसल बन्द भएको थियो। मोतिसरको सो पेडापसल चर्चित थियो।

## अध्यक्षमा न्यौपाने निर्वाचित

प्रस, निजगढ, १ मङ्सिर/

नेपाल क्रसर उद्योग तथा खानी उद्योग व्यवसायी महासङ्घको १०औं र ११औं संयुक्त साधारणसभा तथा तेस्रो राष्ट्रिय अधिवेशनबाट सीताराम न्यौपाने पुनः अध्यक्षमा निर्विरोध निर्वाचित भएका छन्।




शनिवार सम्पन्न अधिवेशनले अध्यक्ष न्यौपाने, वरिष्ठ उपाध्यक्ष चन्द्रमणि अधिकारी, प्रदेशस्तरमा उपाध्यक्षहरू रोहितबहादुर कार्की (कोशी), रामनारायणप्रसाद यादव (मधेस), देवराज लुइँटेल (बाग्मती), लीलाधर बराल (गण्डकी), मीनबहादुर शाही (लुम्बिनी), महासचिव देवराज तामाङ, सचिवमा उम्मेदवारी नपरेकाले हाल रिक्त रहेको छ भने सहसचिव बुद्धिप्रसाद आचार्य, कोषाध्यक्ष बेचनठाकुर बरही, सहकोषाध्यक्ष विनोदराज श्रेष्ठलगायत २१ सदस्यीय कार्यसमिति सर्वसम्मत चयन भएको छ।


## मधुमेह (डायबिटिज) रोगबाट बचौं

मधुमेहले,
- शरीरका विभिन्न अङ्गमा क्षति पुऱ्याउने,
- मुटु र मिर्गौलाले काम नगर्ने,
- अन्धोपन, पक्षघातलगायतका जोखिम बढाउँछ।

**त्यसैले मधुमेहबाट बच्न,**
- शरीरको तौल सन्तुलित राखौं,
- चिल्लो तथा चिनीजन्य (ग्लुकोज) परिकार कम खाऔं,
- पेय पदार्थ, जङ्क फूड तथा तारेका, भुटेका पदार्थहरू नखाऔं,
- धुम्रपान, मद्यपान नगरौं, नियमित व्यायाम गरौं,
- रेशायुक्त तथा प्राकृतिक खानेकुरा खाऔं,
- प्रशोधित खानाहरू नखाऔं,
- तनाव व्यवस्थापन गरौं,

नियमित स्वास्थ्य परीक्षण गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड



Make your stay with us is a
memorable experience



Lords Plaza Birgunj is a world class hotel built to treat all types of travelers. This beautiful hotel is equipped with contemporary Rooms and Suites, Business Center, Four Conference Rooms, Three Food and Beverage outlets - Bar, Multi Cuisine Restaurant & Roof Top Dining, Spa, Gym, Pool and Casino.

Diyalo Lords PLAZA
Exhilarating Hospitality
Birgunj

Call - 51525252, 98028 19788, 98028 19787

Aadarsh Nagar, Birgunj, Nepal, www.lordshotels.com,


# खेलकूदको संसार

## बिरुवागुठी फूटबलको उपाधि सिमरा युनाइटेडलाई

नरेश यादव, पर्सागढी, १ मङ्सिर/



बिरुवागुठी युथ क्लब पर्सागढीको आयोजनामा पर्सागढी मिनी रङ्गशालामा सञ्चालित प्रथम बिरुवागुठी नकआउट फूटबल प्रतियोगिताको उपाधि सिमरा युनाइटेड क्लबले जितेको छ।

शनिवार सम्पन्न फाइनल खेलमा आयोजक बिरुवागुठी युथ क्लबलाई एकका विरूद्ध तीन गोलअन्तरले पराजित गर्दै सिमराले उपाधि जितेको हो। फाइनल खेलमा सिमरा युनाइटेडका अजित चौधरीले पहिलो गोल, मोहित गुरुङले दोस्रो र सुजन ढुङ्गेलले तेस्रो गोल गरेका थिए।

आयोजक बिरुवागुठीको तर्फबाट सतीश मगरले एक गोल गरेका थिए। फाइनल खेलको उत्कृष्ट खेलाडी सिमरा युनाइटेडका सुजन ढुङ्गेल घोषित भए। यसैगरी, उत्कृष्ट गोलकीपरको उपाधि पनि सिमराका युनेश चौधरीले हात पारे। उत्कृष्ट खेलाडी आयोजक बिरुवागुठीका राकेश चौधरी घोषित भए।

पर्सागढी नपाका प्रमुख गोकर्ण पाठक, वडाध्यक्ष सुकमान तामाङले विजेता र उपविजेता तथा उत्कृष्ट खेलाडीहरूलाई नगद, शिल्ड, मेडल र प्रमाणपत्रबाट पुरस्कृत गरेका थिए। विजेतालाई नगद ५१ हजार र उपविजेतालाई २५ हजार नगद पुरस्कारको व्यवस्था गरिएको थियो।

बिरुवागुठी युथ क्लबका अध्यक्ष राजन थापाको अध्यक्षतामा भएको समापन समारोहको सहजीकरण विक्रम कार्कीले गरेका थिए।

## विश्व म्याराथन मञ्चमा नेपालको दाबेदारी

जानकी (बाँके), १ मङ्सिर/रासस

विश्व म्याराथन मञ्चमा नेपालको दाबेदारी प्रभावशाली देखिएको छ। विश्व म्याराथनको साझा संस्था एशोसिएशन अफ इन्टरनेशनल म्याराथन एन्ड डिस्टेन्स रेस (एम्स)को २५औं वर्ल्ड कङ्ग्रेस आयोजनाका लागि नेपालगंज म्याराथनले नेपालमा आयोजना गर्न दाबेदारी प्रस्तुत गरेको थियो।

नर्वेले ८५ मत पाउँदा नेपालका तर्फबाट नेपालगंज म्याराथन ६७ मत प्राप्त गर्न सफल भएको छ। भियतनामको हनोईमा जारी २४औं वर्ल्ड कङ्ग्रेसका दौरान शनिवार भएको मतदान प्रक्रियाबाट २०२६ मा हुने २५औं वर्ल्ड कङ्ग्रेस नर्वेमा हुने निर्णय गरियो। "१० मिनेटको भिडियो प्रस्तुतिले सबैलाई नेपालप्रति लोभ्यायो," नेपालगंज म्याराथनका संस्थापक अध्यक्ष टिएस ठकुरीले भने, "अन्तर्राष्ट्रिय समुदायमा केही 'लबिङ' पनि जरुरी हुँदो रहेछ, त्यसमा हामी चुक्यौं।"

नर्वेले आसन्न कङ्ग्रेस आयोजनाको अवसर पाए पनि सभाहलमा नेपाल धेरैको सहानुभूति बटुल्न सफल भएको ठकुरीले बताए। "नेपाललाई विश्वमञ्चमा नोटिस गराउन सफल भइयो, यसमा खुशी लागेको छ," उनले भने, "प्रयास गर्नेले नै जित्ने हो, हामी एक कदम अगाडि बढेका छौं, सबैको मायाले यो ऊर्जा मिलेको हो, नेपालगंज म्याराथन सम्बद्ध सबैप्रति कृतज्ञ छ।"




संसारमैं लोकप्रिय इभेन्ट म्याराथनलाई आधिकारिकता दिने साझा संस्था एम्स हो। एम्समा आबद्ध हरेक देशका म्याराथन आयोजक यतिबेला हनोईमा उपस्थित भएका छन्। धारा नेपालगंज म्याराथनको १०औं संस्करण यही मङ्सिर २२ गते हुँदैछ।

# कर सप्ताह परिणाममुखी होस् –प्रजिअ अधिकारी

प्रस, जीतपुर, १ मङ्सिर/

बाराका प्रमुख जिल्ला अधिकारी वसन्त अधिकारीले कर सप्ताहका सबै कार्यक्रम परिणाममुखी हुनुपर्नेमा जोड दिए। राष्ट्रिय कर दिवसका अवसरमा आन्तरिक राजस्व कार्यालय, सिमराले शनिवार आयोजना गरेको कर सप्ताहको उद्घाटन कार्यक्रममा उनले सरकारले तोकेको मापदण्डमा रहेर कर सङ्कलन गरिनुपर्ने बताए। करमा विनाभेदभाव काम गर्न उनले निर्देशन दिए।

आन्तरिक राजस्व कार्यालय, सिमराका प्रमुख दिनेश पाण्डेले सरकारले विगतको भन्दा २३ प्रतिशत बढी कर सङ्कलनको लक्ष्य सिमरालाई दिएकोले यहाँका व्यवसायीहरूलाई करको दायरामा आई सहयोग गर्न आग्रह गरे।

जीतपुरसिमरा नगर उद्योग वाणिज्य सङ्घका अध्यक्ष मोहन शर्मा लामिछानेले करमा एकद्वार प्रणाली लागू गर्न सरकारसँग माग गरे। अध्यक्ष लामिछानेले सरकारको कर नीतिका कारण व्यवसायी धराशयी बन्दै गएको आरोप लगाए। उनले तीन तहका सरकारको तीन थरीको कर नीति अव्यावहारिक भएको भन्दै सरकारले व्यवसायीमैत्री कर नीति तर्जुमामा ध्यान दिन आवश्यक रहेको बताए।

कार्यक्रममा चेम्बर अफ कमर्स बाराका अध्यक्ष रूपेश पोखरेल, निजगढ उद्योग वाणिज्य सङ्घका अध्यक्ष दीपेन्द्र श्रेष्ठ, होटल तथा पर्यटन व्यवसायी सङ्घका कार्यवाहक अध्यक्ष शम्भुकुमार खड्गीलगायतको सहभागिता थियो। उद्घाटन सत्र अघि सिमरामा प्रभातफेरीको आयोजना गरिएको थियो।

# भौतिकवादी समाजको जिल्ला भेला

प्रस, वीरगंज, १ मङ्सिर/

सिराहा जिल्लाको गोलबजारस्थित निपनियामा भौतिकवादी समाज नेपालको प्रथम जिल्ला भेला सम्पन्न भएको छ। भौतिकवादी समाज नेपालका अध्यक्ष बैधनाथ श्रमजीवीले अन्धविश्वासले जकडिएको नेपाली समाज रूढिवाद र पाखण्डबाट यति ग्रसित छ कि आजको २१औं शताब्दी विज्ञान र प्रविधिको भए तापनि नेपालीहरू संसारभरि सभ्यता र संस्कृतिको हिसाबमा १८औं शताब्दीभन्दा पनि पहिलेको अवस्थामा बाँच्न बाध्य भएको बताए।




उनले जबसम्म हामी तार्किक बन्दैनौं, तबसम्म अन्धविश्वासबाट मुक्त हुन नसक्ने बताए।

भौतिकवादी समाजका सदस्य रामरिझन यादवले भौतिकवादी समाज आजको अपरिहार्यता भएको बताए।

भेलाले शिवकुमार महराको अध्यक्षतामा १५ सदस्यीय सिराहा जिल्ला समिति गठन गरेको छ। समितिमा उपाध्यक्ष ब्रह्मदेव मण्डल, सचिव भुवन शर्मा, कोषाध्यक्ष कुमार कमलेन्द्रलगायत सदस्यहरू छन्।